मंसिर ४, २०७९ मा सम्पन्न हुन गइरहेको आम निर्वाचनमा गोरखा प्रतिनिधिसभा क्षेत्र नं २ बाट गठबन्धनका उम्मेद्वार नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रतिवद्धता



## संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन

# हाम्रा प्रतिवद्धताहरु

**आदरणीय गोरखावासी दिदीबहिनी तथा दाजुभाइहरू !**

आसन्न २०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गोरखा जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ मा गठबन्धनको तर्फबाट मैले उम्मेदवारी दिएको छु ।

नेपाली समाजलाई सामाजिक न्याय, समता र समृद्धिको नयाँ युगतर्फ लैजान परिवर्तनको नेतृत्व र जनसेवामा मेरो भूमिका र इतिहास यहाँहरुलाई विदितै छ । नेपाली समाजमा क्रान्ति र शान्तिको नेतृत्व गर्दै नेपाली संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधान निर्माण र त्यसको कार्यान्वयनसम्म मैले आफूलाई निरन्तर देश र जनताको पक्षमा उभ्याउँदै आएको तर सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने, जनजीविकाका समस्याहरु समाधान गरेर जनतालाई नयाँ जीवन दिने सपना पूरा गर्न बाँकी नै छ ।

हामीलाई यथास्थितिकै बस्ने छुट इतिहासले दिएको छैन । प्रतिगमनकारी प्रवृत्ति परास्त गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने इतिहासले सुम्पेको जिम्मेवारी पूरा गर्न संविधानको रक्षा, स्थिरता र समृद्धिलाई गठबन्धनको प्रमुख लक्ष्य बनाइएको हो ।

मेरो उम्मेदवारीलाई गोरखाको जनप्रतिनिधि भइ गोरखा र समग्र नेपाली समाजको रूपान्तरणमा समर्पित हुने एउटा सुनौलो अवसरको रूपमा लिएको छु । यस निर्वाचनमा गोरखा क्षेत्र नं. २ का तपाई आमाबुबा, दिदीबहिनी तथा दाजुभाइले गोलाकारभित्रको हँसिया-हथौडा चिह्नमा मतदान गरी आफ्नो प्रतिनिधिको रूपमा मलाई विजय गराउनु हुनेछ भन्ने पूर्ण विश्वास राख्दै यहाँहरूको बीचमा निम्न बमोजिमको प्रतिवद्धता व्यक्त गर्दछु ।

- विगत लामो समयदेखि परिर्वतनका लागि गरिएको जनयुद्ध र जनआन्दोलनमा उच्च बलिदान र योगदानका कीर्तिमान कायम गर्नुहुने गोरखा जिल्लालगायत देशभरका सबै महान् सहिदप्रति हार्दिक श्रद्धाञ्जली र बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै घाइते र अपाङ्ग हुनुभएका योद्धाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै विभिन्न समयावधिमा सबैखाले राजनीतिक र परिवर्तनकारी आन्दोलनमा सहभागी भएर योगदान पुऱ्याउनु हुने सम्पूर्ण गोरखाली जनसमुदायप्रति सम्मान व्यक्त गर्दछु ।

- इतिहास साक्षी छ, गोरखा जिल्ला नेपालको भौगोलिक एकीकरण र विस्तारको दृष्टिकोणबाट ऐतिहासिक जिल्ला हो । गोरखाले विभिन्न कालखण्डमा विभिन्न ढंगले संगठित रूपमा अन्याय र अत्याचारका विरूद्ध संघर्ष गर्दै परिर्वतन र अग्रगमनको पक्षमा निरन्तर रूपमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । आजको एकीकृत नेपालको स्थापनामा गोरखाको विशिष्ट भूमिका छ । अहिलेको आवश्यकता भनेको सबै जात, जाति, समुदाय, वर्ग र क्षेत्रको आधारमा र साझा समृद्धिमार्फत मनोवैज्ञानिक, भावनात्मक र सांस्कृतिक राष्ट्रिय् एकीकरणको हो ।

- गोरखा जिल्ला बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसांस्कृतिकसहित बहुआयामिक पहिचान र सामाजिक विविधतामा आधारित रहेको एकताको नमूना जिल्ला हो । यहाँका मानिसहरूको आ-आफ्नै मौलिक परम्परा, रहन-सहन, रीतिरिवाज तथा जीवनशैली छ । गोरखा जिल्ला वीर गोर्खालीहरूको पहिचानको रूपमा विश्वव्यापीरूपमा परिचित र स्थापित छ । प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको यस जिल्लामा हिमाल, पहाड र तराईमा हुने वनस्पति, कृषि, जडीबुटीलगायतका मूल्यवान्, दुर्लभ र बहुआयामिक वस्तुहरु उत्पादन हुन्छन् । यहाँ

उर्वर जमिन, प्रशस्तै पानीका स्रोतहरु र स्वच्छ हावापानी रहेको छ । उत्पादनमा आत्मनिर्भर भएर निर्यात वृद्धि गर्न सकिने थुप्रै आधारहरु यस जिल्लामा रहेका छन् । नेपाल राज्य निर्माण अभियानमा सहभागी भएदेखि गोरखाली जनताले राणा शासन तथा पञ्चायती शासनविरुद्धको संघर्ष र आन्दोलनहरुका साथै जनयुद्ध र जनआन्दोलन लगायत सबैखाले राजनीतिक संघर्षहरुमा महत्वपूर्ण भूमिका निर्वाह गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको गौरवपूर्ण इतिहास कायम गरेका छन् ।

- यतिबेला सिङ्गो देश संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनको क्रमसँगै दोस्रो पटक प्रतिनिधि र प्रदेशसभाको निर्वाचन प्रक्रियामा सामेल भएको छ । यो निर्वाचन समयसीमाको हिसावले नियमित त छँदैछ तर ठोस अन्तरवस्तुको हिसाबले समेत राष्ट्रिय स्वाधीनताको रक्षा, संविधानको रक्षा र संघीय समावेशी लोकतन्त्रको मूल्य-मान्यताको रक्षा वा आत्मकेन्द्रित स्वेच्छाचारी निरंकुशता अर्थात् अग्रगमन कि प्रतिगमनका रूपमा व्यक्त हुँदैछ । यस्तो अवस्थामा हामीले निर्वाचनमार्फत् देशलाई फेरि एकपटक अग्रगमन, परिर्वतन, नेपाली मौलिकतासहितको समाजवादको पक्षमा भारी जनमत संगठित गर्दै संविधानको रक्षा र कार्यान्वयनको सुनिश्चिततासहित स्थिरता र समृद्धिको ऐतिहासिक दायित्व निर्वाह गर्नु छ ।

- गोरखा जिल्लाले अब नेपालको इतिहासमा निर्वाचनमार्फत् संविधानको पूर्ण कार्यान्वयनको प्रक्रियामा अघि बढ्दै र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्दै नेपाली विशेषता र मौलिकतासहितको समाजवादका लागि समेत योगदान गर्ने हाम्रो विश्वास छ । हामी तीव्र आर्थिक विकास र समृद्धि हासिल गर्नुपर्ने बिन्दुमा आइपुगेका छौँ । गोरखाबाट मेरो उम्मेदवारी वस्तुगत आवश्यकता र सचेत आत्मगत प्रयत्नद्वारा पैदा भएको एउटा सुखद् संयोग पनि हो ।

त्यसैले तपाईं गोरखाली जनसमुदायका सामु गोरखाको वाम-लोकतान्त्रिक तागतलाई मतमा अभिव्यक्त गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी आएको छ । मलाई विश्वास छ, यो ऐतिहासिक आवश्यकतालाई गोरखाली जनताले राम्रोसँग आत्मसात् गर्नु हुनेछ । राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गोरखाले नै गर्न सम्भव छ । म चाहन्छु, गोरखाले यसमा गौरव गर्न सकोस् । यसैका लागि म गोरखामा उम्मेदवारको रूपमा आएको छु ।

# गोरखा समृद्धिको मार्गचित्र

## (क) प्रमुख रणनीतिक योजनाहरु

१. पालुङ्टार एयरपोर्टलाई पुनः सुचारू गरिने छ र पालुङ्टारलाई मौलिक स्मार्ट सिटीका रूपमा विकास गरिने छ ।

२. बहुउद्देश्यीय राष्ट्रिय गौरवको १२ सय मेघावाटको बुढीगण्डकी जलविद्युत आयोजना तत्काल कार्यान्वयन सुरू गरिने छ । साथै अन्य जलविद्युतका सबै सम्भावनाहरूलाई पनि अघि बढाइने छ ।

३. पालुङ्टार नगरपालिका ७ च्याङलीमा रहने गरी सरकारबाट निर्णय भएर पनि कार्यान्वयन हुन बाँकी रहेको कृषि तथा वन विश्वविद्यालय अन्तर्गतको कृषि क्याम्पस सञ्चालन गरिने छ र गोरखाका मा.वि. तथा विभिन्न क्याम्पसहरुलाई थप व्यवस्थित गर्दै प्रविधिक शिक्षालाई विस्तार र शिक्षा क्षेत्रका समस्याहरु हल गरी समग्र शैक्षिक विकासलाई अगाडि बढाइने छ ।

४. रणनैतिक महत्व बोकेको बेनीघाट-आरूघाट-लार्के (रूइला नाका) तिब्बतसँग सिमाना जोडने सडकखण्ड निर्माण कार्य पूरा गरिने छ ।

५. गोरखामा अवस्थित पालुङ्टार, गाइखुरटार, च्याङलीटार, धुवाकोटटार, कुन्दुरटार, बुद्धसिंटार, मुच्चोकटार, बुङ्टार, घ्याल्चोकटार, आरूटारलगायतका उर्वर टारहरूका साथै निबेलदेखि अँबुवासम्मका दरौंदी नदीका किनारका फाँटहरूमा नदि नियन्त्रणका साथ लिफ्टिंङ, पम्पिङ तथा नहरहरूको योजनामार्फत् सिँचांइलाई व्यवस्थित गरी कृषि उत्पादन वृद्धि गर्न योजनाहरु अगाडि बढाइने छ । जिल्लालाई उत्पादनमा आत्मनिर्भर बनाउन सहकारी, निजी र सरकारी क्षेत्रलाई उपयोग गरिने छ ।

६. गोरखा जिल्लालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ । (क) लिगलिगकोट, बुढीकोट, लकाङ्कोट, सिरानचोक गढी, सुलिकोट, ताकुकोट, वारपाक, गोरखा दरबार, मनकामनालाई समेटेर ऐतिहासिक तथा धार्मिक पर्यटकीय सर्किटको रूपमा विकास गरिने छ । (ख) सिरानडाँडा-निम्चेपोखरी-दुधपोखरी-नागेपोखरी-नारदपोखरीलाई केन्द्रमानी हिमाली पर्यटनलाई प्रवर्द्धन गर्न राष्ट्रिय पर्यटकीय योजनाको सूचीमा पार्न पहल गरिने छ । (ग) सिरानचोक, भच्चेक सिरानडाँडा, अजिरकोट र उत्तरी गोरखाको बारपाक, रूविनाला, मनास्लु पदमार्ग, लार्के पास आदि क्षेत्रलाई हिमालय पर्यटनको रूपमा विकास गर्न पहल गरिने छ । संस्कृति र प्रकृतिलाई समिश्रण गरी ट्रेकिङ रूट निर्माण गरिने छ । साथै अध्ययनको आधारमा विशेष सांस्कृतिकग्राम निर्माण गरिनेछ । (घ) गोरखा दरबार र मनकामना मन्दिरलाई अन्तर्राष्ट्रिय सम्पदा सूचीमा राख्न पहल गरिने छ । (ङ) २०७२ सालको गोरखा भूकम्पको केन्द्र रहेको बारपाक र भूकम्पपश्चात् विकास गरिएका एकीकृत बस्तीहरूलाई पर्यटनसँग जोडी आयआर्जन वृद्धिका योजना अगाडि बढाइने छ ।

७. संविधानमा उल्लेखित विशेष, स्वायत्त र संरक्षित क्षेत्र स्थापना गर्ने प्रावधानअनुसार चुमनुब्री गाउँपालिका र धार्चे गाउँपालिकाको निश्चित भूभागलाई विशेष वा स्वायत्त वा संरक्षित क्षेत्र घोषणा गर्ने पहल गरिने छ । १०० वर्ष अघिदेखिको नेपालको एकमात्र अहिंसा क्षेत्रको रूपमा रहेको यस उपत्यकालाई अहिंसाको क्षेत्रको रूपमा संरक्षण र विश्वव्यापी पहिचान निर्माण गरी व्यवस्थित र पहिचानयुक्त हिमाली सहरको निर्माण गर्न आवश्यक पहल गरिने छ ।

८. रबर उद्योगलाई नयाँ ढंगबाट सञ्चालन गर्न ठोस पहल अघि बढाइने छ । गाइखुर च्याङ्ली क्षेत्रमा राज्यले घोषणा गरेको औद्योगिक क्षेत्र निर्माण र सञ्चालन प्रक्रिया अघि बढाइने छ ।

९. रूइला नाका नियमित रूपमा सञ्चालन गर्न र नुब्री क्षेत्रमा अन्तरदेशीय सुख्खा बन्दरगाह स्थापना गर्न पहल अघि बढाइने छ ।

१०. कृषि, पशुपालन, जडिबुटी, फलफूल खेती, घरेलु हस्तकला, होमस्टे तथा घरेलु उद्योगहरूको प्रवर्द्धन गर्दै युवाहरूलाई रोजगारी प्रदान गर्ने योजना र कार्यक्रमहरु अघि बढाइने छ । स्थानीय तहमा नै प्रशोधन केन्द्रहरु निर्माण गरी स्थानीय अर्थतन्त्र र रोजगारी प्रवर्द्धन गरिने छ ।

## (ख) अन्य महत्वपूर्ण योजनाहरु

१. पालुङ्टार, हर्मी, छोप्राक, गाँखु, श्रीनाथकोट, जौबारी, रातामाटा, मुच्चोक, सिम्जुङ, घ्याच्चोक, वैकल्पिक सहायक राजमार्ग कालोपत्रे गरिने छ ।

२. घ्याम्पेसाल-देउराली-ताकु-स्वारा-सौरपानी-बारपाक-घ्याच्चोक-सिरानडाँडा-ओलाङ हुँदै लमजुङ दुधपोखरी सडक निर्माण प्रक्रिया अगाडि बढाइने छ ।

३. गोरखा सदरमुकामबाट लमजुङ सदरमुकाम जोड्ने सबभन्दा छोटो बाटोको रूपमा प्रस्तावित पन्थडी-कटहरे-साइलीटार सडक निर्माण कालोपत्रे गर्न प्राथमिकताका साथ पहल गरिने छ ।

४. मर्स्याङ्दी, चेपे र दरौँदी करिडोर अन्तर्गतको मुख्य सडक अर्न्तगतका ग्रामीण क्षेत्र जोड्ने शाखा सडकहरूलाई कालोपत्रे तथा स्तरोन्नतिमा जोड दिइने छ र दुधपोखरीसम्म बाटो विस्तार गरिने छ ।

५. बाह्रकिलो, बारपाक, लाप्राक, गुम्दा हुँदै माछाखोलासम्मको सडक कालोपत्रे गर्न पहल गरिने छ ।

६. मध्यपहाडी लोकमार्गअन्तर्गत गोरखा खण्ड कालोपत्रे गरिनेछ । सबै पालिकाको केन्द्र हुँदै वडा कार्यालयसम्म पुग्ने सडकहरु कालोपत्रे गर्न जोड गरिने छ ।

७. कुनाघाट भच्चेक-चनौटे-तामालाबोट-ताकुकोट-देउराली-आरुघाट सडक स्तरोन्नति गरिने छ ।

८. पालुङ्टार-निवारे-भण्डारथोक-मुगे-कुडुले हुँदै बुद्धसिंहटारसम्मको दुधपोखरी सडकमार्गलाई अगाडि बढाइने छ ।

९. फिनामटार-जौवारी-चैनपुर-भच्चेक सडक कालोपत्रे कार्यलाई पूर्णता दिइने छ ।

१०. सिउरेनीटारदेखि दरौंदी रामशाहघाट हुँदै पालुङ्टारसम्म पृथ्वी राजमार्गको वैकल्पिक राजमार्ग निर्माण गर्न विशेष पहल गरिने छ ।

११. सिरानडाँडा-निम्चेपोखरी-दुधपोखरी-नागेपोखरी-नारदपोखरीको बृहत् पर्यटन पदमार्ग निर्माण गरिने छ ।

१२. आँबुखैरनी-गोरखा सदरमुकामसम्म जोड्ने सडकको मापदण्ड सम्बन्धी समस्यालाई प्राविधिक र वैज्ञानिक ढंगले हल गरिने छ ।

१३. पालुङ्टार नगरपालिकामा पर्यटन, कृषि, जडिबुटीको संकलन प्रशोधन केन्द्र स्थापना गर्नुका साथै स्थानीय आवश्यकताअनुसारको मानवीय स्रोत विकास गर्न बहुप्राविधिक शिक्षालय स्थापना गरिने छ । यस संस्थाले प्रशोधन, अनुसन्धान र मानवीय स्रोतको विकास गर्नेछ ।

१४. सामुदायिक विद्यालयको मर्जिङको प्रक्रियाले विद्यालय फेरि टाढा पुगेका छन् । स्थानीय आवश्यकतालाई मध्यनजर गरी यो ५ वर्षमा ३ वटा सुविधासम्पन्न गुणस्तरीय आवासीय विद्यालयमा रूपान्तरित गरिने छ । यस्ता विद्यालयमा दलित, जनजाति, क्षेत्रीय उत्पीडनमा रहेका, एकल महिला, कमजोर वर्गीय धरातलका समुदायलाई विशेष प्राथमिकता दिइने छ ।

१५. सामुदायिक विद्यालयमा खेलकूद, विद्यार्थीको सांस्कृतिक (ललितकला, नाच-गान) क्षमता अभिवृद्धिका लागि घुम्तिविज्ञ शिक्षकको नियुक्ति गर्न पहल गरिने छ । यस्ता शिक्षकले प्रत्येक विद्यालयमा गएर विशेष शिक्षा प्रदान गर्नेछन् ।

१६. संघीय, प्रादेशिक र स्थानीय सरकारको साझेदारीमा सामुदायिक विद्यालयहरूलाई गाडीको प्रबन्ध गर्न पहल गरिने छ, जसले गर्दा विद्यार्थीलाई विद्यालय टाढा हुने छैन ।

१७. विद्यालय तथा अभिभावकबीच समन्वय गर्न तथा वडा तहमा विद्यार्थीहरूको शैक्षिक वातावरण उकास्नका लागि सबै वडामा सामुदायिक स्वयंसेवी शिक्षकको व्यवस्था गरिने छ ।

१८. जिल्ला सदरमुकाममा रहेको गोरखा क्याम्पसको भौतिक पूर्वाधार विकासमा जोड दिँदै प्राविधिक शिक्षाको रूपमा इन्जिनियरिङ विषय थप गर्न पहल गरिने छ । त्यसैगरी जिल्लाभित्रका सबै क्याम्पसहरूको भौतिक तथा शैक्षिक विकासमा जोड गरिने छ ।

१९. नेपाल सरकारले घोषणा गरिसकेको किसान पेन्सनको व्यवहारिक कार्यान्वयनद्वारा गोरखाका किसानहरूलाई ठोस लाभ पुऱ्याउन पहल गरिने छ ।

२०. किसान पहिचान र वर्गीकरण गरी साना र मध्यम किसानलाई अनुदानका माध्यमबाट स्थानीय उत्पादन बढाउन प्रोत्साहित गरिने छ ।

२१. मल, बीउ, खाद्य, उत्पादनमा राज्यका तर्फबाट अनुदानको व्यवस्था गर्दै किसानको उत्पादनका लागि आवश्यक बजारीकरणको प्रबन्ध गरिने छ ।

२२. पालुङ्टारलाई लिची, उखु र बदामको विशेष क्षेत्र निर्माण गरी संकलन र प्रशोधनका लागि पहल गरिने छ ।

२३. सहकारी क्षेत्रलाई पुनसंरचना गरी कृषि सेवा एवम् प्रविधि किसानको माफ्र पुऱ्याउन र बजारीकरणमा संलग्न गराई रोजगारी सृजना गरिनेछ ।

२४. आधारभूत स्वास्थ्य सेवा पालिकास्तरमै प्राप्त गर्न पालिकास्तरीय स्वास्थ्य केन्द्रको मानवीय स्रोत, भौतिक पूर्वाधार, आवश्यक औजार र प्रयोगशालाको स्तरोन्नति गरिने छ ।

२५. सामुदायिक स्वास्थ्य इकाइहरूको सबलीकरण गरी नागरिकलाई टोलटोलमा स्वास्थ्यसेवा उपलब्ध गराइने छ।

२६. जेष्ठ नागरिक र अशक्तलाई सामुदायिक स्वास्थ्य इकाइमार्फत् घरदैलोमै स्वास्थ्यसेवा उपलब्ध गराइने छ ।

२७. सिरानचोक गाउँपालिकामा आयुर्वेद अनुसन्धान, तालिम केन्द्र र अस्पताल स्थापना गरिने छ । जिल्लाभित्र विभिन्न स्थानमा स्थापना भएका आयुर्वेद औषधालयहरूलाई विकास गर्दै लगिने छ ।

२८. गोरखा अस्पताल, आँपपिपल अस्पताल लगायत स्वास्थ्य संस्थाहरूको स्तरोन्नतिमा जोड गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

२९. जिल्लामा विद्युत उत्पादनको सम्भावना हेरी आवश्यकतानुसार विद्युतको केन्द्रीय प्रसारण लाइनको क्षमता वृद्धिमा जोड गरिने छ ।

३०. अहिलेको विज्ञान र प्रविधिको क्षेत्रमा सूचना सञ्चारमा भएको क्रान्तिलाई आत्मसात् गर्दै गोरखाको सञ्चार क्षेत्रको विकासमा जोड दिइने छ ।

३१. गोरखा जिल्लामा सञ्चार क्षेत्र तथा सञ्चारकर्मीको विकासका लागि मिडिया सेन्टरको स्थापना गरिने छ ।

३२. अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगारी र सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न पहल गरिने छ ।

३३. जिल्लामा रहेका ऐतिहासिक, प्राकृतिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र विकासमा विशेष जोड दिइनेछ ।

३४. भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गरी समग्र जनताको हित र सेवामा समर्पित हुन र गराउन विशेष पहल गरिने छ ।

३५. जनयुद्ध तथा जनआन्दोलनका सहिद परिवार, बेपत्ता परिवार र घाइते अपाङ्गहरूको समस्या समाधान, सबै द्वन्द्वपीडितहरूलाई न्याय, सम्मान र परिपूरणका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगका काम पूरा गर्न विशेष पहल गरिने छ ।

३६. गोरखामा अवस्थित स्थानीय ज्ञान, सीप, प्रविधिमा आधारित हस्तकलाको स्तरोन्नति गर्दै व्यवसायीकरणमा जोड दिइनेछ । उपयुक्त एक गाउँलाई हस्तकलाग्राम निर्माण गरी नमूना ग्रामको रुपमा व्यवस्थित योजना अगाडि सारिने छ ।

३७. गोरखा जिल्लाको सन्दर्भमा दलित, मुस्लिम, कुसुण्डा, वराम, कुमाल, चेपाङ, दराई, भोटे, लामा लगायतका उत्पीडित समुदायको शिक्षा, स्वास्थ्य र रोजगारीमा जोड दिइने छ ।

३८. दलितमाथि हुने छुवाछूत अन्त्यका लागि वडा तहमा छुवाछूत तथा विभेद नियन्त्रण सेल र महिलामाथि हुने हिंसाविरूद्ध पालिका तहमा महिला सहायता सेलको स्थापना गरिने छ ।

३९. 'एक घर, एक धारा' खानेपानीको लक्ष्यसहित गोरखावासीहरूमा स्वच्छ खानेपानी पुऱ्याइने छ ।

४०. मर्स्याङ्दी र दरौंदी नदी आसपासका क्षेत्रहरु समेटेर बृहत्तर कृषि योजना अघि बढाइने छ । दरौंदी नदी नियन्त्रणलाई व्यवस्थित गरिने छ ।

४१. गोरखा सदमुकामलाई जोड्ने गरी संघीय, प्रादेशिक र स्थानीय सरकारको सहकार्यमा नगरबस सञ्चालन गर्न पहल गरिने छ, नगर बसले सस्तोमा गुणस्तरीय सेवा प्रदान गर्नेछ ।

४२. पालिकास्तरसम्म आवश्यक पूर्वाधारसहित खेलकुद क्षेत्रको योजनावद्ध विकासमा जोड दिइने छ ।


४३. विगतमा नै सुरुवात् भइ निरन्तर अघि बढिरहेका विभिन्न ठूला तथा साना योजनालाई प्रभावकारी ढंगले सम्पन्न गर्न ठोस पहल अघि बढाइने छ ।

४४. साहित्य, कला र संस्कृतिको विकासका लागि योजनावद्ध पहल गरिने छ ।

४५. स्थानीय जनसमुदायसँग छलफल गर्दै आवश्यकतानुसार अन्य योजनाहरु अघि बढाइने छ ।

अन्तमा, अहिलेको आधुनिक नेपाल निर्माणमा ऐतिहासिक र महत्वपूर्ण भूमिका खेलेको गोरखा जिल्लाका आदरणीय जनसमुदायको जनप्रतिनिधि भएर यहाँहरूको सेवामा लाग्ने अवसर नजिकिँदै जाँदा मलाई गर्वानुभूति भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाको लागि महत्वपूर्ण र निर्णायक भूमिका खेलेको जनयुद्धको प्रमुख नेतृत्वकर्ताको हैसियतले, बृहत् शान्ति सम्झौतामा सरकारको तर्फबाट गिरिजाप्रसाद कोइराला र विद्रोही माओवादीको तर्फबाट हस्ताक्षरकर्ताको हैसियतले, संविधानसभा र नयाँ संविधान निर्माणको एउटा पहलकर्ताको हैसियतले म जिम्मेवारी र दायित्वबोधका साथ गोरखाली जनताको सेवामा निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु । प्रतिगमन र प्रतिक्रान्तिविरूद्ध संविधानको रक्षा, राजनीतिक स्थिरता र समृद्धिको लागि गठबन्धनको तर्फबाट मलाई 'गोलो घेराभित्रको हँसिया-हथौडा चिह्न' तथा वाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरुलाई सम्बन्धित चुनाव चिह्नमा मतदानका लागि सम्पूर्ण किसान, मजदुर, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, संस्कृतिकर्मी, सञ्चारकर्मी, उद्योग व्यवसायी, कानून व्यवसायी, अधिकारकर्मी एवम् विविध पेशागत क्षेत्र र समुदायका साथै गोरखा क्षेत्र नं. २ का सम्पूर्ण मतदाता आमाबुबा, दिदीबहिनी, दाजुभाइहरूमा अनुरोध गर्दछु । यहाँहरूको अमूल्य मतको उच्च कदर गर्दै प्रतिनिधिसभा क्षेत्र नं. २ लगायत गोरखा र यस क्षेत्रको समग्र विकास र समृद्धिको पक्षमा लाग्ने प्रतिवद्धता व्यक्त गर्दछु ।



पुष्पकमल दाहाल 'प्रचण्ड'

वाम-लोकतान्त्रिक गठबन्धन-उम्मेदवार

प्रतिनिधिसभा क्षेत्र नं. २, गोरखा